# शिक्षा तालिम केन्द्र धुलिखेल

मिति २०८३।०५।०३ गते प्रकाशन गरिएको सूचना वमोजिम १ महिने प्रमाणीकरण तालिम, सेवा प्रवेश तालिम र प्र. अ. नेतृत्व क्षमता विकास तालिमका लागि ttmis.bagamati.gov.np मार्फत फाराम भर्न ध्यान दिनुपर्ने कुरालाइ थप स्पष्ट वनाइएको सम्वन्धी सूचना

१ कसले के भर्ने

- २०८२ सालमा नियुक्ति हुने शिक्षकले सेवा प्रवेश तालिम भर्ने
- सम्वन्धित तहमा स्थायी नियुक्ति भइ प्र अ र सह प्र अ को जिम्मेवारी लिने शिक्षकहरुले प्र अ नेतृत्व क्षमता विकास तालिम भर्ने । प्र अ को तालिम लिनुहुनेले सम्वन्धित तहको नियुक्ति पत्र र प्र अ / सहायक प्रअ को जिम्मेवारी दिएको पत्रलाइ एउटै pdf फायल वनाइ attach गर्नुपर्नेछ ।
- सम्वन्धित तहमा शिक्षक नियुक्ति भइ हालसम्म १ महिनाको प्रमाणीकरण तालिम नलिएका वालविकास केन्द्रका वालशिक्षिका/ शिक्षक आधारभूत र माध्यमिक तहमा २०८१ साल सम्म नियुक्ति भएका शिक्षकहरुले १ महिने प्रमाणीकरण तालिम भर्ने
- मोडुल १, २, र ३ र फेज १ र फेज २ मा तालिममा सहभागी भइ तालिम पूरा नगर्ने वा तालिममा सहभागी भएको अभिलेख नपाएका शिक्षकहरुले १ महिने प्रमाणीकरण तालिम भर्ने

२ सेवा प्रवेश तालिम, एक महिने प्रमाणिकरण (TPD) तालिम र नेतृत्व क्षमता विकास तालिमका लागि भर्नुपर्ने फाराम फरक फरक छ ?

- छैन। ttmis.bagamati.gov.np मा log in गरी प्राप्त हुने फाराम नै प्रयोग गर्ने हो। खण्ड क र खण्ड ख सवैको लागि एउटै विवरण भर्ने ठाउ छ भने खण्ड ग मा तपाइले लिनु पर्ने तालिम छनोटको विकल्प आउछ तपाइले लिनुपर्ने तालिम मात्र छनोट गर्नुहोस

३ फायल समिट नै हुदैन ।किन?

- तपाइले सूचना ध्यानपूर्वक पठ्नु नै भएन । तसर्थ तपाइलाइ देहायका समस्या भए ।
- तपाइले फारामका सवै कोठाहरुमा भर्नुपर्ने विवरण नभरी escape गर्नुभयो भने समिट हुदैन ।
- तपाइले फायलको प्रकार पहिचान गर्न सक्नु भएन । नियुक्ति पत्र र नागरिकता पत्रको सफ्टकपी pdf extension( जस्तै talim.pdf) हुनुपर्छ ।नागरिकता र नियुक्ति पत्र तपाइले मोवाइलको क्यामेरावाट फोटो खिचेर अपलोड गर्न खोज्नुभयो भने अपलोड हुदैन । pdf फाइलको साइज २५० के वि भन्दा सानो हुनुपर्छ ।
- तपाइको पासपोर्ट साइजको फोटो चाही jpg हुनपर्छ । यो चाही मोवाइलको क्यामरावाट खिचेको पनि हुन सक्छ । तर फोटोको साइज २५० के वि भन्दा सानो हुनुपर्छ ।
- तपाइले अपलोड गर्न तयार पारेको फायललाइ rename गरी नागरिकताको फाइललाइ nagarikata , नियुक्तिपत्रको फायललाइ niyukati सिफारिस पत्रलाइ sifaris र पासपोर्ट साइजको फोटोलाइ photo नाम लेख्नुहोला । तपाइले अपलोड गर्न तयार गरेको फायलको नाममा / - _ + = जस्ता sign छ भने अपलोड हुदैन तसर्थ अनिवार्य फायलको नाम Rename गरी छोटो नाम लेख्नुहोस ।
- विद्यालय/ स्थानीय तहको सिफारिस अनिवार्य गरिएको छैन ।

४ थप जानकारी पनि छ ?

- छ । वैकको विवरण भर्ने ठाउँ वाहेक सवै ठाउमा नेपाली युनिकोडको प्रयोग गर्नुहोस ।
- फाराम भर्न इन्टरनेट भएको सुनिश्चित गर्नुहोस । सजिलोको लागि ल्यापटपवाट फाराम भर्नुहोस । यदी फायल अपलोड भएन भने google मा गइ पुन pdf converter वाट convert गरी download गर्नुहोस र फायलको नाम rename गरी छोटो वनाउने र जुन ठाउमा अपलोड गर्नुपर्ने हो सो सुनिश्चित गरेर मात्र अपलोड गर्नुहोस । यति गर्नुभयो भने तपाइले सजिलै फाराम submit गर्न सक्नुहुन्छ ।

५/१०

घनश्याम खनाल
निमित्त कार्यकारी निर्देशक